
annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक ५४ पृष्ठ ८ | काठमाडौं, आइतबार ८ असार २०८२ | आषाढ कृष्णपक्ष द्वादशी नेपाल संवत् ११४५ | SUNDAY, JUNE 22, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

# बजेटले पीपीएमा गऱ्यो 'लेऊ र तिर', निजी क्षेत्रलाई पिरैंपिर




बजेटले रन अफ रिभर आयोजनाको विद्युत् खरिद सम्झौता (पीपीए) का लागि 'टेक एन्ड पे' को नीति लियो। त्यसले ३५० भन्दा बढी आयोजनाको १७ हजार ११७ मेगावाट विद्युत् उत्पादनमा क्षति पुग्ने निजी ऊर्जा लगानीकर्ताहरूको दाबी छ। त्यति मात्र होइन, टेक एन्ड पे को व्यवस्थाले निजी क्षेत्रका लागि विद्युत् उत्पादनमा बाटो बन्द गर्ने र १० वर्षमा २८ हजार बढी मेगावाट उत्पादन गर्ने सरकारी लक्ष्यमै असर पुग्ने उनीहरूको तर्क छ। त्यसैकारण, 'टेक एन्ड पे' को सट्टा साविककै 'टेक अर पे' नीति अवलम्बन गर्नुपर्ने उनीहरूको तर्क छ।

समाचार पृष्ठ २

सुनिता कार्की | *काठमाडौं*

– को रिपोर्ट




## टेस्लाले सांघाईमा नयाँ ग्रिड साइड ऊर्जा भण्डारण निर्माण गर्ने




**सांघाई** (एजेन्सी) : अमेरिकी कार निर्माता कम्पनी टेस्लाले शुक्रबार चिनियाँ साझेदारहरूसँग मिलेर सांघाईमा मेगाप्याक ऊर्जा भण्डारण ब्याट्री प्रयोग गरी ग्रिडको लागि ऊर्जा भण्डारण स्टेसन बनाउने सम्झौता गरेको छ।

कुल ४ अर्ब युआन (लगभग ५५६ मिलियन अमेरिकी डलर) को लगानीमा भएको यो परियोजनाले टेस्लालाई चीनको तेजसँग बढिरहेको ऊर्जा भण्डारण बजारमा प्रवेश गर्ने मौका दिएको हो। यसले चीनको विशाल विद्युत् ग्रिडसँग जोडिने सम्भावना पनि बढाएको छ, जुन संसारकै सबैभन्दा ठूलो विद्युत् ग्रिड हो।

यो गिगावाट-घण्टा स्तरको ऊर्जा भण्डारण स्टेसन चीनको सांघाईको लिङगाङ विशेष क्षेत्र, चिनियाँ अन्तर्राष्ट्रिय मुक्त व्यापार क्षेत्र (पाइलट फ्री ट्रेड जोन) मा निर्माण हुनेछ। यस सम्झौताअनुसार, टेस्ला, लिङगाङ विशेष क्षेत्रको प्रशासनिक समिति, सांघाईको फेंग्सियान जिल्लाको सरकारी निकाय र चिनियाँ काङफु इन्टरनेसनल लिजिङ कम्पनी लिमिटेडले भाग लिएका छन्।

यो टेस्लाको पहिलो ग्रिड साइड ऊर्जा भण्डारण स्टेसन हुने भएकाले यसले चीनको मुख्य भूमिमा स्थापना हुने पहिलो यस्तो परियोजना हो। टेस्लाका चीनका ऊर्जा व्यवसायका महाप्रबन्धक डोंग कुनले भने, 'यस स्टेसनले एकपटक सञ्चालनमा आएपछि, यसले बिजुलीको स्पट ट्रेडिङमा सहभागी भएर स्थानीय ग्रिडमा चरम र कम आवश्यकताहरूबीच सन्तुलन कायम गर्न मद्दत गर्ने छ।' यसैबीच, टेस्लाले चीन काङफुसँगको सहकार्यलाई अझ विस्तारित गरी विश्वव्यापी रुपमा शून्य-कार्बन ऊर्जा समाधानहरू ल्याउने योजना बनाएको छ। यस वर्षको फेब्रुअरीमा, टेस्लाको नयाँ मेगाफ्याक्ट्री लिङगाङ विशेष क्षेत्रमा सुरु भएको थियो, जुन यसको दोस्रो प्लान्ट हो र यसले मेगाप्याक ब्याट्री उत्पादन गर्न थालेको छ।

# बाढीको उच्च जोखिममा नवलपरासी, पालिकाको छैन चासो

हरि शर्मा | *परासी*

नवलपरासी बाढीको उच्च जोखिममा छ। जल तथा मौसम विज्ञान विभागले यस वर्ष धेरै पानी पर्ने भनिसकेकाले कुनै पनि बेला बाढीले जिल्लालाई जलमग्न बनाउन सक्छ। तर, जिल्लाका अधिकांश स्थानीय तहले भने बाढी नियन्त्रण पूर्वतयारीमा खासै चासो दिएका छैनन्। स्थानीय तहसँग बाढीबाट कति जनसंख्या प्रभावित हुन्छन् भन्ने तथ्यांक पनि छैन। कोषमा लाखौं रुपैयाँ थन्क्याएर बसेका स्थानीय तहहरूले पूर्वतयारीमा भन्दा पनि क्षति भइसकेपछि राहत वितरणमा केन्द्रित हुने गरेका छन्।



जिल्लामा सात पालिका छन्। सात पालिका र जिल्ला विपद् व्यवस्थापन समितिको कोषमा गरी चालु आर्थिक वर्षका लागि विपद् व्यवस्थापनका लागि साढे ४ करोड बढी रकम रुपैयाँ छुट्ट्याइएको छ। तर, कोषमा भएको रकमबाट प्रभावकारी पूर्वतयारीका कार्यक्रम गरेको पाइएको छैन। विपद् व्यवस्थापनको पूर्वतयारीमा स्थानीय तहभन्दा जिल्ला प्रशासन कार्यालय अघि देखिएको छ।

बर्खा लाग्नुभन्दा पहिल्यै नै प्रशासनको विपद् व्यवस्थापन समितिले तीनवटै सुरक्षा युनिटलाई उद्धार सामग्री दिएर तयारी अवस्थामा बस्न पठाएको जिल्ला विपद् व्यवस्थापन समितिका अध्यक्ष एवं प्रमुख जिल्ला अधिकारी हिरालाल रेग्मीले बताए। जिल्लामा आउन सक्ने बाढी र प्रकोपजन्य घटना नियन्त्रणका लागि जिल्ला विपद् व्यवस्थापन समितिले 'मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना-२०८२' लागू गरिसकेको छ।

तर, स्थानीय तहहरूले विपद्बाट कति जनसंख्या प्रभावित हुन्छन् भन्ने विवरण उपलब्ध नगराएको प्रमुख जिल्ला अधिकारी रेग्मीले बताए। 'प्रभावित संख्याको विवरण भए त्यसका आधारमा योजना बनाउन र घटनापछि गर्न सकिने कामको योजना बनाउन सजिलो हुन्थ्यो। पालिकासँग पुनः विवरण माग गर्नुपर्ला,' उनले भने।

धरैजसो भूभाग तराई क्षेत्रमा रहेको जिल्लामा बर्सेनि डुबान र कटान हुँदै आएको छ। बाढीले जिल्लाका सात पालिकामा रहेका ७४ वडामध्ये ५५ वडा प्रभावित हुने छन्। जसमा सबैभन्दा बढी चार पालिकाका १० वटा वडालाई अति उच्च जोखिममा राखिएको छ।

» बाँकी पृष्ठ ६

## दक्षिण लेबनानमा पनि इजरायली आक्रमण

**जेरुसेलम** (एजेन्सी) : इजरायली सुरक्षाकर्मीहरूले दक्षिण लेबनानको नकौरानजिक हिजबुल्लाह समूहको एउटा स्थलमा आक्रमण गरेका छन्। यसअघि, इजरायली परराष्ट्र मन्त्रीले हिजबुल्लाहलाई इरान-इजरायली युद्धमा भाग लिन नदिने चेतावनी दिएका थिए।

इजरायली सेनाले भने, 'हामीले रातभरि नकौरा नजिक रहेको हिजबुल्लाहको संरचना स्थलमा आक्रमण गरेका छौं। त्यो स्थल हिजबुल्लाहले इजरायली नागरिकविरुद्ध आतंककारी गतिविधि गर्न प्रयोग गर्दै आएको थियो।' यसैबीच, लेबनानको स्वास्थ्य मन्त्रालयले शुक्रबार भएको आक्रमणमा एक व्यक्तिको ज्यान गएको जानकारी दिएको छ। त्यो आक्रमण इजरायली ड्रोनले गरेको विश्वास गरिन्छ।

नोभेम्बर महिनामा भएको स्थिरता सम्झौताका बावजुद, इजरायली र हिजबुल्लाहबीच तनाव अझै जारी रहेको छ। सम्झौताअनुसार, दुई पक्ष बीचको द्वन्द्व समाप्त गर्न प्रयास हुँदै आएको थियो, तर सीमा क्षेत्रमा भएको पछिल्लो गतिविधिले स्थिति जटिल बनाएको छ।

# मधेसको शिक्षा नीति एउटा, बजेट विनियोजनमा अर्कै

मनिका झा | *जनकपुरधाम*

- मधेसको शिक्षा नीतिमा २० प्रतिशतसम्म शिक्षामा बजेट विनियोजन गर्ने उल्लेख।
- बजेटमा भने शिक्षालाई ७ प्रतिशत मात्रै बजेट विनियोजन।

मधेस प्रदेश सरकारले तीन महिनाअघि प्रदेशको शिक्षा नीति सार्वजनिक गऱ्यो। उक्त नीतिमा स्पष्ट रूपमा लेखिएको छ, 'मधेस प्रदेशले शिक्षामा लगानी वृद्धि गर्दै लैजानेछ र प्रदेशको वार्षिक बजेटको २० प्रतिशतसम्म शिक्षामा विनियोजन गर्नेछ।' तर, प्रदेश सरकारले हालै ल्याएको आर्थिक वर्ष २०८२/८३ को बजेटमा मधेसको शिक्षा र संस्कृति मन्त्रालयलाई ७ प्रतिशतमात्रै बजेट छुट्ट्याइएको छ। यसले प्रदेश सरकारको प्राथमिकतामा शिक्षा क्षेत्र नपरेको प्रस्ट हुन्छ। प्रदेश सरकारले आगामी आर्थिक वर्षका लागि ४६ अर्ब ५८ करोडको बजेट सार्वजनिक गरेको छ। जसमध्ये शिक्षा तथा संस्कृति मन्त्रालयका लागि ३ अर्ब ५७ करोड ६६ लाख ५५ हजार रुपैयाँ बजेट विनियोजन गरिएको छ। उक्त रकम कुल बजेटको मात्र ७ प्रतिशत हुन आउँछ।

प्रदेश सरकारले विद्यालयहरूको क्षमता अभिवृद्धि गर्दै शिक्षकको व्यवस्थापन गर्न स्वयंसेवक शिक्षक कार्यक्रम सञ्चालन गर्न बजेट विनियोजन गरेको छ। त्यसैगरी सम्बन्धन प्राप्त सामुदायिक प्राविधिक विद्यालयलाई सशर्त चालु अनुदानलगायत पुस्तकालय तथा विज्ञान शिक्षामा सुदृढीकरण गर्न विज्ञान प्रयोगशाला स्थापनाका लागि पनि बजेट विनियोजन गरिएको छ। विद्यालयहरूलाई आईसिटी प्रविधिमैत्री बनाउन स्मार्टबोर्ड तथा ई-लाइब्रेरी स्थापना गर्न, विद्यालयहरूको संरचनात्मक सुधार गर्न, भौतिक संरचनाहरू निर्माण गर्न सरकारले बजेट विनियोजन गरेको हो।

निकै थोरै मात्रामा विनियोजन गरिएको बजेटले मधेसको शिक्षा क्षेत्रको सुधारमा अपेक्षा गरिएजस्तो काम गर्न गाह्रो हुने मधेस प्रदेशका शिक्षा तथा संस्कृतिमन्त्री रानी तिवारी बताउँछिन्। 'हामीले २० प्रतिशत नभए कम्तीमा पनि १० प्रतिशत बजेट शिक्षामा विनियोजन गर्न माग गरेका थियौं तर, खै किन होला प्राथमिकतामा परेन,' मन्त्री तिवारीले अन्नपूर्णसँग भनिन्, 'प्रदेश सरकारले आफैंले ल्याएको शिक्षा नीतिलाई समेत लागू गरेन। शिक्षा सँगसँगै हाम्रो मन्त्रालयमा संस्कृति पनि जोडिएको छ। अब त्यसमा पनि सोही बजेटले पुऱ्याउनुपर्ने हुन्छ। यस्तो अवस्थामा शिक्षा नीतिमा भनिएका जस्तो कामहरू गर्न गाह्रो नै पर्छ होला।' प्रदेश सरकारले ल्याएको शिक्षा नीतिमा 'शिक्षित, सुसंस्कृत र आत्मनिर्भर जनशक्ति : मधेसको समृद्धि' भन्ने मूल नारा अवलम्बन गरिने प्रतिबद्धता व्यक्त गरिए पनि सोअनुसारको काम भने सरकारले गरेको छैन। शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सीपमूलक, रोजगारमूलक एवं जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवं राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने नीति लिइएको छ।




सरकारले ल्याएको नीतिहरूमा २०८५ भित्र मधेस प्रदेशभरि आधारभूत शिक्षालाई निःशुल्क र अनिवार्य बनाउने तथा माध्यमिक शिक्षालाई निःशुल्क बनाउने अवधारणा ल्याइएको छ।

मधेसमा वैकल्पिक विद्यालयमार्फत आधारभूत शिक्षाको प्रबन्ध गर्ने, मदरसा, गुरुकुल र विहारजस्ता धार्मिक शिक्षालयमार्फत दिइने शिक्षालाई मूलप्रवाहीकरण गरिने, अभिभावक सचेतना शिक्षा सञ्चालन गर्ने, दिवा खाजा कार्यक्रम विस्तार गर्ने, विद्यालयहरूमा आधारभूत स्वास्थ्य परीक्षण कार्यक्रम सञ्चालन गरिनेलगायतका थुप्रै आकर्षक नीतिहरू सरकारले ल्याएको छ। तर, ती नीतिहरूलाई अवलम्बन गर्न बजेट भने निकै न्यून विनियोजन गरिएको छ।

मधेस प्रदेशका मुख्यमन्त्री सतिश सिंह शिक्षा सरकारको प्राथमिकतामा रहे पनि स्रोतको सीमितताको कारण कम बजेट विनियोजन भएको बताउँछन्। 'बजेट स्रोतको अनुकूलताका अनुसारले बनाइन्छ। शिक्षामा सुधारका लागि हामीले सक्दो कार्यक्रम ल्याएका छौं। संघीय नियमअनुसार शिक्षा स्थानीय तह मातहत नै छ तर, पनि हामीले जुन बजेट छुट्ट्याएका छौं त्यो पनि पर्याप्त नै छ,' मुख्यमन्त्री सिंह भन्छन्, 'शिक्षा क्षेत्रकै भौतिक संरचनाहरू निर्माणका लागि अन्य मन्त्रालयमा पनि बजेट छ। त्यसैले शिक्षालाई आवश्यकताअनुसार नै बजेट विनियोजन भएको छ।' मधेस प्रदेशमा साक्षरताको हकमा राष्ट्रिय जनगणना २०७८ का अनुसार नेपालको साक्षरता ७६.३ प्रतिशत छ, जसमा पुरुषको साक्षरता ८३.६ प्रतिशत र महिलाको साक्षरता ६९.४ प्रतिशत छ। यसको तुलनामा मधेस प्रदेशको कुल साक्षरता प्रतिशत जम्मा ६३.५ प्रतिशत छ, जसमा पुरुषको ७२.५ प्रतिशत र महिलाको मात्र ५४.७ प्रतिशत छ।

» बाँकी पृष्ठ ६